करार सफाई उद्योग

# कामदारको सम्पर्क जानकारीको बारेमा प्राय: सोधिने प्रश्नहरु

Nepali

## पृष्ठभूमि जानकारी

### मलाई मेरो सम्पर्क विवरण अद्यावधिक (Update) गर्न किन आवश्यक छ?

जब हामी आउँदो महिनाहरुमा हाम्रा प्रणालीहरु (सिस्टमहरु) लाई स्तरन्नोत्तरी (अपग्रेड) गर्दछौं, तपाइँको सम्पर्क विवरण अद्यावधिक गर्नको लागि यसले तपाइँको लागि सजिलो बनाउँदछ । तपाइँको वर्तमान सम्पर्क विवरण भएमा, हामीलाई तपाइँलाई तपाइँको बिबरण पठाउन को लागि र तपाइँलाई तपाइँले प्राप्त गर्ने सेवाको बारेमा अद्यावधिक राख्न सक्षम बनाउनेछ।

### कस्ता परिवर्तन आउँदैछन्?

तपाइँको दिर्घ सेवा (long service) को दावी (निबेदन) पेश गर्न सहज बनाउन र छिटो प्रक्रियाबाट गर्नको लागि हामी हाम्रो अनलाइन प्रणाली सुध्रिद गरीरहेका छौं। त्यहाँ तपाइँको विवरण हेर्नको लागि थप स्व-सेवा (self-service) विकल्प र एक पेर्सोनलाइस्ड ड्यासबोर्ड (personalised dashboard) हुनेछ।

### म कसरी अधिक जानकारी पाउन सक्छु?

प्रक्षेपण मिति नजिक आउँदा सम्ममा अधिक जानकारीहरु दिइनेछ। थप जानकारीको लागि हाम्रो वेबसाइट हेरिरहनु होला।

## सम्पर्क विवरण दर्ता, लगइन (login) र अद्यावधिक (update) गर्ने बारे

### मैले के विवरणहरु अद्यावधिक (update) गर्न आवश्यक छ?

कृपया तपाइँको बिधुतिय पत्राचार (ईमेल) ठेगाना, सम्पर्क नम्बर र हुलाक ठेगाना अद्यावधिक (update) गर्नुहोस्। तपाइँको संस्था (कम्पनी) वा कुनै परिवार को सदस्य द्वारा प्रयोग नगरिएको एक आफ्नै बिधुतिय पत्राचार (ईमेल) ठेगाना समाबेश गर्नुहोस।

### मलाई किन मेरो आफ्नै बिधुतिय पत्राचार (ईमेल) ठेगाना चाहिन्छ? किन मैले मेरो संस्था (कम्पनी) वा एक परिवारको सदस्यको बिधुतिय पत्राचार (ईमेल) ठेगानाको प्रयोग गर्न सक्दिन?

जब हामी नयाँ प्रणालीमा परिवर्तन गर्नेछौं, तपाइँको आफ्नै बिधुतिय पत्राचार (ईमेल) ठेगाना तपाइँको प्रयोगकर्ता आई डी (ID) हुनेछ । यसले तपाइँलाई तपाइँले प्राप्त गर्ने सेवाको हकको बारे अद्यावधिक राख्न र दावी (निबेदन) दर्ता गर्न सजिलो बनाउनेछ। तपाइँलाई तपाइँको विवरण पठाउन र तपाइँलाई अद्यावधिक गर्न हामी सक्षम हुनेछौ।

### यदि मसँग ईमेल ठेगाना छैन भने के हुन्छ?

तपाइँलाई नयाँ प्रणालीमा लगइन (login) गर्न को लागि एक बिधुतिय पत्राचार (ईमेल) ठेगाना चाहिन्छ। हामी तपाइँलाई तपाइँको लागि एक बिधुतिय पत्राचार (ईमेल) ठेगाना बनाउन को लागि सुझाब दिन्छौं।

### यदि मैले मेरो विवरण अद्यावधिक (update) नगरेमा के हुन्छ?

यदि हामी संग तपाइँको वर्तमान सम्पर्क विवरण छैन भने हामी तपाइँलाई तपाइँको वार्षिक बिबरण (annual statement) पठाउन सक्षम हुने छैनौं। साथै, एक बिधुतिय पत्राचार (ईमेल) ठेगाना बिना तपाइँ नयाँ प्रणालीमा लगइन (login) गर्न सक्षम हुनुहुने छैन।

### मैले कसरी मेरो सम्पर्क विवरण अद्यावधिक (update) गर्ने?

तलका चरणहरु पछ्याएर तपाइँको सम्पर्क विवरण अद्यावधिक (update) गर्नुहोस्:

- www.longservice.nsw.gov.au/online-portal मा हाम्रो **Online Services** जानुहोस्
- Contract Cleaning Industry शीर्षक अन्तर्गत, **Worker Login** लिंक चयन गर्नुहोस्
- तपाइँको बिधुतिय पत्राचार (ई-मेल) वा कर्मचारी आई डी (ID) र पासवर्ड को उपयोग गरी लग इन (login) गर्नुहोस्
- **Update Details** मा जानुहोस्
- तपाइँको मोबाइल नम्बर, ई-मेल ठेगाना र हुलाक ठेगाना सहितको सम्पर्क विवरण पुनारोलोकन/ अद्यावधिक गर्नुहोस् र **Save** गर्नुहोस् हमारी **ऑनलाइन सेवाओं** पर जाएँ

100821CCI

**दोभासे सेवाहरु**

यदि तपाइलाई दोभासेको सेवा चाहिएमा, **१३ १४ ५० मा TIS National लाइ सम्पर्क गर्नुहोस र उनीहरुलाई १३ १४ ४१ मा Long Service Corporation** मा फोन लगाइदिन अनुरोध गर्नुहोस अथवा थप जानकारी को लागि www.tisnational.gov.au हेर्नुहोस ।

# कामदारको सम्पर्क जानकारीको बारेमा प्राय: सोधिने प्रश्नहरु

### म कसरी अनलाइन पहुँच (online access) को लागि दर्ता गर्न सक्छु?

यदि तपाइँ अनलाइन पहुँच को लागि दर्ता गर्नु भएको छैन भने कृपया तलका चरणहरु पालना गर्नुहोस्:

- www.longservice.nsw.gov.au/online-portal मा हाम्रो **Online Services** जानुहोस्
- Contract Cleaning Industry शीर्षक अन्तर्गत, **Worker Login** लिंक चयन गर्नुहोस्
- दर्ता गर्न को लागि **Register for Online Access** अन्तर्गत **Click here** चयन गर्नुहोस्
- तपाइँको दर्ता नम्बर, नाम, जन्म मिति भर्नुहोस् र **Next** चयन गर्नुहोस्
- तपाइँको बिधुतिय पत्राचार (ईमेल) ठेगाना र एक पासवर्ड राखेर तपाइँको दर्ता पूरा गर्नुहोस्

### मलाई अनलाइन पहुँच (Online access) को लागि दर्ता गर्न के चाहिन्छ?

तपाइँलाई तपाइँको CCI कामदार दर्ता संख्या (worker registration number) को आवश्यकता पर्नेछ। यो हामीले प्रदान गरिने कामदार प्याक (worker pack) मा पाउन सकिन्छ। वैकल्पिक रूपमा, तपाइँले तपाइँको रोजगारदाताबाट वा हामीलाई सम्पर्क गरेर तपाइँको कामदार दर्ता संख्या (worker registration number) प्राप्त गर्न सक्नुहुन्छ।

## हामीलाई सम्पर्क गर्न

### म संग प्रस्न भएमा कसलाई सम्पर्क गर्ने?

यदि तपाइँसँग कुनै प्रश्न छ भने, कृपया हामीलाई १३ १४ ४१ वा info@longservice.nsw.gov.au मा सम्पर्क गर्नुहोस्।